大学尼泊尔语专业教材

# 综合尼泊尔语

第五册（下）

编者：鞠志松
何朝荣
校对：鞠志松

中国人民解放军外国语学院
一九九四・九

# पाठ ८

# अब चेली मुस्कुराउँछे

अब नेली मुस्कुराउंछे

(ढोका ढकढक गरेको आवाज आउंछ । त्यसको साथै भित्रबाट बोलेको आवाज आउंछ ।)

नीरव -- को हो बाहिर ?

करुणा-- दिदी ! म, करुणा

(ढोका खोलेको आवाज आउंछ ।)

नीरव -- करुणा ! तिमी ! कसरी यो एकाबिहानै ?

करुणा-- दिदी ! मलाई हिजै तपाईंकहां आउन मन लागेको थियो । राती भएर आउन सकिनं । अनि आज बिहानै यता दगुरेकी ।

नीरव -- के पर्‍यो त वा यस्तो अपर्झट ?

करुणा--( सुस्केराको भाकामा ) के पर्‍यो भनूं दिदी, मलाई त असाध्यै छटपट भइराखेको छ । मनको भारी बिसाउने ठाउं कतै भेटिनं । हिजै तपाईंकहां आउन नपाएकाले रातभरि उकुस-मुकुस भइराख्यो । एकछिन झिमिक्क आंखा लाग्न पाएको होइन ।

नीरव -- किन ? बा-आमाले गाली गर्नु भयो कि कसो ?

करुणा --मेरो बिराममा गाली त के पिटेको भए पनि केही थिएन, तर दिदी, मेरो व्यथा कसले बुझि दिने ?

मेरो मनले खाएको तपाई नै एक्जना हुनुहुन्छ । दिदी, तपाईले पनि मेरो व्यथा बुझि दिनुभएन भने मेरो आफ्नो भन्नु नै को हुनेछ र ? ( रुँदै) दिदी, बिन्ती दिदी, मेरो आंशुले अपमानित हुनु नपरोस् ।

नीरव-- (आर्द्र भएर ) करुणा, मेरी बैनी, भन, तिम्रो मनमा के पीर छ ? यसरी मलाई आफ्नो दिदी सम्झेर आयौ । मैले पनि बैनीलाई दिनुपर्ने स्नेह तिमीलाई दिनुपर्छ, भन नानी, मलाई सबै कुरा भन ।

करुणा--तपाईको घर यहांबाट धेरै टाढा छ हकि दिदी ?

नीरव-- हो,यहांबाट २।३ दिन लाग्छ ।

करुणा--अनि तपाईका बा-आमा हुनुहुन्न ?

नीरव -- हुनुहुन्छ, किन नहुनु ?

करुणा--अनि तपाईले कसरी यत्तिका धेरै पढ्न पाउनु भो त बा-आमा हुंदाहुंदै पनि ?

नीरव -- ल, के भनेकी यो लाटीले ? बा-आमा भएर त मैले यत्तिका पढ्न पाएं नि ।

करुणा--तपाईले पढ्छु भन्दा उहांहरुले गाली गर्नुभएन त ? कहां बसेर पढ्नुभो ?

नीरव -- उहाँहरूलि गाली गर्ने त कुरै छैन । मलाई भन् हौसला दिई-दिई पढाउनु भयो । मेरो घर विराटनगर हो । बाले धेरै पढ्नभएको छ । विराटनगरमा नै जागिर खाएर बस्नुभएको छ । हाम्रो त्यहाँ खेती पनि छ । आमा खेतीको हेरविचार गर्नुहुन्छ । एस्. एल्. सी. सम्म बासँगै बसेर पढें । त्यसपछि क्याम्पसमा पढ्न काठमाडौं गएं ।

करुणा-- अनि तपाईंका बा-आमा पनि सँगै हुनुहुन्थ्यो ?

नीरव -- हुनुहुन्नथ्यो । मैले मात्रै काठमाडौं गएर पढें ।

करुणा-- ( लामो सास तानेर ) मेरी आमै । कस्तो अचम्म सुन्नपर्‍यो । हाम्रा बा-आमाले भए त भो, सपनामा पनि चिताउनु पर्दैन । हिजो बेलुका मैले म पनि पढ्छु, आफू सँगैका साथीहरूले एस्. एल्. सी. उत्तीर्ण गरिसके, आफू भने सात कक्षा पास गरेर थन्केको थन्क्यै भइयो भनेको त बाले गाली गरेर खपिसक्नु भएन ।

नीरव -- आमाले नि ? केही भन्नु भएन ?

करुणा--पहिला त बासँग पढोस् न त पढ्छे भने, दुनियाँका छोरीले पढेका छन् भन्दै हुनुहुन्थ्यो । पछि बाले उल्टै आमाको समेत गाली लिइदिनुभयो । अनि त आमा

बोल्दै राख्नु भएन । बेलुका केही खान मन लागेन ।
ओछ्यानमा पल्टेर रोइराखेकी थिएं । आमा आएर के-के,
के-के भनेर सम्फाउनु भयो । अनि मैले निदाएकी जस्तो
गरेपछि आमा जानुभयो । म चाहिं रातभरि रोइराखें ।

नीरव -- तिमीलाई अराध्यै पढ्न मन लाग्छ, हो ?

करुणा--दिदी, मनको त के कुरा गरौं ? मलाई बा-आमाले त
कुनै हालतमा पनि पढाउनु हुन्न । बरू दिदी, म तपाईंको
भात पकाइदिन्छु, भांडा माफिदिन्छु, लुगा धोइदिन्छु ।
मलाई पढ्ने मौका मिलाइदिनोस् । म तपाईंको गुन
कहिल्यै भुल्ने छैन ।

नीरव -- बा-आमाको चित्त त्यसरी दुःखाउनु हुन्न । तिमी त्यसरी
घरै छाडेर हिंड्यौ भने उहांहरूको मन कसरी
रहला ?

करुणा-- दुःखोस् दिदी, जति दुःख्छ दुःखोस् । उहांहरूले पनि
त मेरो चित्त दुःख्छ कि भनी ठान्नुपर्थ्यो नि !

नीरव -- बा-आमा छोराछोरीको कुभलो त चिताउनु हुन्न नि ।

करुणा--भलो चिताएको भए त पढाइहाल्नुहुन्थ्यो नि !

नीरव--यसरामा पनि त उहांहरूको कुनै विवशता, बाध्यता होला ।

करुणा--म एउटीलाई पढाउन नसक्ने पनि त हुनुहुन्न ।

नीरव -- बैनी, विवशता र बाध्यता भन्ने कुरो धनभन्दा माथि उठेको पनि त हुनसक्छ ।

करुणा-- ( रुन्चे स्वरमा ) दिदी, तपाईबाट सहायता पाउंला भन्ने ठूलो आशा थियो । ( रुंदै ) मेरो मनको पीडा बुझि दिने कोही रहेनछ । मेरो आफ्नो भन्नु कोही रहेनछ । ( रुन्छे )

नीरव -- बैनी, तिमी त्यस्तो नसोच,नानी । मैले तिम्रो पीडा नबुझेकी त कहां हुं र ? नरोऊ । हेर, तिमी केटा-केटी मात्छेले भन्यौ भन्दैमा तिम्रा बा-आमासंग सल्लाह नगरी म कसरी तिमीलाई आफूसंग राख्न सक्छु र ? तिम्रा बा-आमासंग कुरा गर्ने जिम्मा मेरो भयो ।

करुणा-- उहांहरु कुनै हालतमा पनि मान्नुहुन्न । छोरीलाई पढाउनु हुंदैन रे, पढायो भने बाबु-आमाको नाक काट्छन् रे । ( रुंदै) दिदी । उहांहरु त मेरो बिहा गरिदिने तुरमा हुनुहुन्छ ।

नीरव-- हिंड, बरु जाऊं । मलाई फेरि स्कूल जान ढिला हुन्छ । स्कूलका केटाकेटीको कापी जांच्ने काम थियो । ठीकै

छ, भरे बेलुका जांचौंला । जाऊं हिंड़ ।

करुणा--मान्छे गुहार्न गै छ भनेर बा-आमाले गाली पो गर्नुहुने हो कि ?

नीरव -- छिः तिमी त, गर्नुहुन्न गाली, हिंड़ ।

( दुवै जान्छन्। करुणाको घरभित्र पस्ने बेलामा नीरव करूणाका बा-आमालाई बोलाउंछिन् । )

नीरव -- दाजु । म आएं है । म, नीरव आएकी । भाउज्यू ! भात पाक्यो कि पाकेन ? मलाई त भोक लागिराकेको छ ।

भाउज्यू -- ओहो नानी । आज यति विहानै कताबाट ?

दाजु -- अचम्म गर्नुभो बैनी अचम्म । कहिल्यै नआउने मान्छे आज कताबाट ? आज त घाम पनि पश्चिमबाट पो भुल्किन्छ कि क्या हो ?

नीरव -- ओहो । गफ गर्न त तपाईंहरूलाई कसले भेट्छ र ? तपाईंहरू पो यो कहांकी-कहांकी भनिठान्नुहुन्छ त । म त दाजु-भाउज्यूलाई सम्झेर आउंदैछु नि ।

भाउज्यू -- आएर त चौपट । त्यहींको यही नआएको पनि १५ ।२० दिन त कम्तीमा पनि भइसक्यो ।

नीरव -- कस्तो भुल्लुभएको हं यी भाउज्यूले त । अस्तिको शनिबार आएर दिनभरि बरोर तपाईंले पोलेको हरियो मकै खाएको होइन ? आज दश दिन त भो जम्मा ।

दाजु-- खालि कुरा मात्रै जोतिरहन्छे यो त । कैनीलाई बस्न पिंढीमा गुन्द्री हालिदे म ।

भाउज्यू-- जा । म पनि उस्तै छु । ( गुन्द्री हालिदिँदै ) बस्नुहोस् नानी बस्नुहोस् ।

नीरव -- बस्नोस् न दाजु तपाईं पनि । भाउज्यू पनि बस्नोस् ।

भाउज्यू -- कहां बस्नु नानी, चुलामा आगो निभ्छ । चिसा दाउरा छन्, पटक्कै बल्दैनन् ।

( केही सम्झेर ) ए साँच्ची । हाम्री करुणा नानीकहां गएकी छिन ?

दाजु -- भिःएमिसेमै उठेर कता गइन् कुन्नि ।

नीरव -- तपाईंहरुले गाली गर्नुभो होला, अनि नगई छाड्छे त ?

भाउज्यू-- है नानी, यिनीहरुकै बाबु-छोरी जान्नाम् । दुवै उस्तै-उस्ता छन् । कोही आफ्नो ठाउँबाट हट्ने होइनन् । गएं नानी म त भान्सामा । आज नानीले पनि यतै

भान्सा गर्नुपर्छ ।

नीरव -- करूणाको भाग तह लगाउन पो आइपुगिछु म त ।

भाउज्यू -- उसको भाग उही खान्छे । ( जाँदै) तपाईंको चाहिं भाग छैन र हामीकहाँ ?

नीरव -- करूणालाई तपाईंले के भन्नुभो दाजु ?

दाजु -- त्यसलाई केही भन्नुपर्दैन नानी, अबेल यसै बटारिन्छे ।

नीरव -- तपाईंले केही त पक्कै भन्नुभएको छ ?

दाजु -- तपाईंसंग केही भन्थी कि क्या हो ?

नीरव -- रून्थी दाजु, नराम्रोसित रून्थी । तपाईंले पढ्नु पर्दैन भन्नुभयो अरे ।

दाजु -- जे भने पनि उसकै भलो होस भनेर भनेको हुं ।

नीरव -- पढ्दा कुभलो हुन्छ र दाजु ?

दाजु -- छोरीको जात । अब त ठूली पनि भइसकी । कसैले प्याच्च केही भनिदेला ।

नीरव -- दाजु । छोरीको जातले पढ्नु हुँदैन र ? मेरो पनि त जात छोरीकै हो नि । छोरीले पढ्न नहुने कानुन बनेको छ र ।

दाजु -- होइन नानी, मैले त्यसो कहाँ भनें र ? सबैका छोरी

कहां तपाई जस्तै हुन्छन् र ?

नीरव -- हुंदैनन् भनेर तपाईं अहिले ठोकुवा गर्न पनि त सक्नुहुन्न

नि । पहिला बन्ने मौका दिनुपर्छ । त्यति गर्दा

पनि बाटो छाडे भने पो भन्नुपर्छ त ।

दाजु -- तपाई अराल भएर के गर्न ? अलिकति पढे-लेखेपछि केटीहरू

बढी उत्ताउला हुन्छन् । लाजशरम केही मान्दैनन् ।

नीरव -- चाहिंदो कुरामा लाज सबैले मान्नुपर्छ । छोरीको जात

भएर जन्मनाराथै हरेक कुरामा लाज मान्नैपर्ने भन्ने

त के छ र ? लाज त प्रगति-पथको कांडा हो दाजु ।

दाजु -- छाड्नोस् बैनी, मी पढे-लेखेका केटीहरूले बाबु-आमाले

खोजिदिएको केटो नभएर आफै रोजी-रोजी बिहा

गरेको पनि यिनै आंखाले कति देखियो कति ।

नीरव -- त्यसो भए छोरालाई चाहिं पढाउनुहुन्छ कि हुन्न नि ?

दाजु -- छोराले त नपढी कहां हुन्थ्यो ? कमाइ गरेर ल्याउने

मान्छेले त पढ्नैपर्छ ।

नीरव-- पढेका केटाहरू उत्ताउला हुन्छन् कि हुन्नन् त ?

दाजु -- छोरीकै जत्तो उत्ताउलो जात त होइन उनीहरूको !



此为试读,需要完整PDF请访问: www.ertongbook.com

नीरव -- एः त्यसो । केटाहरू जति भुइंमा न भांडामा त कोही हुंदैनन् । त्यही त हो नि । गाउं-घरमा सानैमा बिहा गरिदिन्छन् । केटाहरू पढ्दै माथि पुग्छन् । छोरीलाई त पढाउन गाह्रो मान्ने तपाईहरू जस्ताले बुहारी पढाउने त कुरै उठ्दैन । छोराहरू पढेर शिक्षित तथा सभ्य भइ टोपल्छन् । उनीहरूलाई आफू जस्ती शिक्षित पत्नी चाहिन्छ । यता गाउंमा भएकी पत्नीचाहिं सुखका दिन फर्कलान् भन्दै अनेक यातना सहेर बस्छे । उता लोग्ने भनाउंदोचाहिं शहरमा अविवाहित भनेर छल्दै आफ्नो मन परेकीसंग बिहा गर्छ । यसलाई तपाई के भन्नुहुन्छ ?

दाजु -- है बैनी, तपाईसंग के कुरा गरौं ? छोरा र छोरीको एउटै जोड कहां हुन्छ र ?

नीरव -- ( दृढतासाथ ) हुन्छ दाजु हुन्छ । किन हुन्न ? दुवैलाई काट्नुस्-दुःख्छ र रगत आउंछ । दुवै मानव हुन् । दुःख-सुखले दुवैलाई छुन्छ । मौका पाए छोराभन्दा कम हुंदैनन् छोरी पनि ।

दाजु -- अर्काको घर जाने जातलाई पढाएर के गर्नु ?

नीरव -- अर्काको घर जाने जातको जिन्दगीचाहिं जिन्दगी होइन र ? उनीहरूलाई चाहिं जीवन बांच्नु पर्दैन र ? नारी जातिलाई नपढाउनुमा तपाईंहरूको ठूलो स्वार्थ छ, बुझ्नुभो ।

दाजु -- नरिसाउनोस् न बहिनी । मैले कुनै स्वार्थमा परेर करूणालाई नपढाउने भनेको होइन ।

नीरव -- तपाईंहरूलाई डर छ–नारीले पढेर जान्ने–सुन्ने तथा सचेत भएर आफ्नो अधिकारको दावी गर्छे भन्ने । अनि हाम्रा आमा, बज्यैहरूजस्तै अनेकौं यातना सहँदै चुपचाप बस्दैनन् भन्ने पनि तपाईंलाई थाहा छ तर देशका नरनारी समान रूपमा शिक्षित भएपछि मिल्ने सफलताको भने तपाईंहरूलाई पत्तै छैन । आफ्नो ठूल्याइंको सुरक्षाभन्दा पर तपाईंहरू सोच्नै सक्नुहुन्न । तपाईंहरूले प्रभुत्व जमाउने, हैकम देखाउने मौका पनि जोगाइराख्नुपर्‍यो, होइन र ?

दाजु -- बैनी, त्यति टाढा नजानोस् न । मैले त्यस्तो के भनेको छु र ?

नीरव -- तपाईं नै भन्नोस्, तपाईंले के गर्नुभएन ? फकान

चाहने एउटा कोपिलालाई चुंड्नुभो । आफ्नै पौरखमा जिन्दगी फुलाउन चाहने हातहरूमा हतकडी लगाउनुभयो । सुन्दर सपना देख्न चाहने आंखाहरू आंसुको दह जमाइदिनुभयो । आफै भन्नोस् तपाईंले के गर्नुभएन ?

दाजु -- पढेपछि बढी स्वच्छन्द होली, दुनियांले भन्लान् भनेर मात्र मैले करूणालाई पढाउन रोकेको हुं ।

नीरव -- ( केही नम्र भएर) काठमाडौंमा राखेर छोरा पढाउने तपाईंले छोरीमाथि मात्र किन यस्तो सोच्नुभो ? बिग्रने नै रहेछन् भने पढाए पनि नपढाए पनि बिग्रिहाल्छन् । छोरोचाहिं सप्रन्छ नै भनेर फिटाम गर्न पनि त तपाईं सक्नुहुन्न नि ।

दाजु -- छोरी नै जसरी छोरा त कहां भ्रष्ट हुन्छन् र ?

नीरव-- तपाईंहरू छोरालाई बढी काखी च्याप्नुहुन्छ, उसका गल्ती कमजोरीहरूमा सजिलै आंखा चिम्लनुहुन्छ तर छोरीको सानो गल्तीलाई पनि आकाशमा पुय्राइदिनुहुन्छ । उसलाई सुध्रने मौका नै दिनुहुन्न । यसै पनि उसमा हीनताग्रन्थि जगाइदिनुहुन्छ ।

दाजु -- छोरीले नपढ्दा पनि त त्यति के नै बिग्रिहाल्छ र ?

नीरव -- ( मन्द हास्य ) हरे दाजु । तपाईंलाई कसरी सम्झाऊं ? नारी वर्गलाई सधैं दबाई राख्ने मुख्य कडी नै यही आर्थिक असमानता हो । जबसम्म उनीहरु आर्थिक दृष्टिले आफ्नो खुट्टामा उभिन सक्तैनन् तबसम्म उनीहरुमाथिको दासत्व टुट्दैन । गृहस्थीका दुवै खम्बा बलिया भए मात्र त्यसमा सन्तुलन कायम हुन सक्छ । यसले घर मात्र होइन देशसमेत सप्रन्छ ।

दाजु -- गाउँलेहरुको भनाइबाट फेरि कसरी जोगिने ?

नीरव-- तपाईंजस्तै त छन् नि सबै गाउँले, अविकसित सोचाइ भएकाहरु

दाजु -- तपाईंहरुजस्तो पढे-लेखेकाहरुसंग हाम्रो के लाग्थ्यो ?

नीरव -- ( हांस्दै) कल्याण हुने कुरा अरुको पनि सुन्ने गर्नुपर्छ । "मेरा गोरुको बाह्रै टक्का " भन्नु असल होइन । तपाईंहरु सधैं छोरीलाई पढाउनुहुँदैन भन्ने दुराग्रह मात्रै लिनुहुन्छ । उसलाई पनि आफ्नो जिन्दगी आफ्नै हातले निर्माण गर्ने मौका दिनोस् । उसले मात्रै कतिसम्म बोझ बनेर अर्काको कांधमा झुन्डिरहने ?

दाजु -- उसोभए अब मेरो हार भो, होइन त ?

नीरव -- करुणालाई नपढाएको भए तपाईंको हार हुन्थ्यो तर अब त तपाईंको हार होइन जीत भएको छ । तपाईंकी छोरीले फुल्ने-फल्ने मौका पाएर चारैतिर सुनामको सुवास फैलाई भने के त्यो तपाईंको हार हो ? त्यहाँ तपाईंको चित्त रमाउँदैन ?

( नेपथ्यबाट " भात पाक्यो, सबैजना खान आउनोस् " भन्ने आवाज आउंछ ।)

नीरव -- भाउज्यू, हामी तीन जना आउँदैछौं है ।

भाउज्यू -- करुणा पनि आई ?

नीरव -- ऊ कहां गएकी छ र ? घरपछाडि गएर लुकेर पुस्तक पढिरहेकी छे ।

करुणा ।

करुणा-- हजूर ।

नीरव -- तिमीलाई बाले बोलाउनु भएको छ । चाँडै आऊ ।

करुणा -- आउँदैछु ।

दाजु -- ओहो मैयां साहेब । भुजा ज्युनार गर्न सवारी होस् ।

नीरव -- सुन्यौ त हाम्रो कुरा ? अब भोलिदेखि तिमीलाई नजरबन्द गरिन्छ ।

दाजु -- त्यति मात्रै हो र ? कोठामा ताल्चा मारेर राखिदिन्छु ।

( करुणा खुशी भएर खित्खितलाउँदै हाँस्न थाल्छे । )

नीरव -- साँचो हो हिं ?

भाउज्यू -- ( बीचैमा ) मेरो जुनामा ।

करुणा -- ( हाँसोको लवजमा ) छिः तपाईंहरु त यसै पनि के-के भन्नुहुन्छ अर्कालाई ।

नीरव -- ( करुणा मन्द-मन्द हाँस्दै हुन्छे ) ल नानी, अब दिल खोलेर हाँसिदेऊ । ( करुणा मज्जाले हाँसिदिन्छे ।)

## नयाँ शब्दहरु

| | | |
|---|---|---|
| नेली | ( ना० ) | 姐妹。女学生。女徒工 |
| मुस्कुराउनु | ( अक्रि० ) | 微笑 |
| ढकढक | ( क्रि० वि० ) | 彭彭地 |
| एकाबिहानै | ( क्रि० वि० ) | 一大早 |
| अपर्झट | ( क्रि० वि० ) | 突然地 |



此为试读，需要完整PDF请访问：www.ertongbook.com